# नेपाल नागरिक उड्डयन प्राधिकरण
## त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, गौचरको
## शिलवन्दी वोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०७६।०२।०८)

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय तथा आन्तरिक टर्मिनल भवनबाट आवत जावत गर्ने स्वदेशी तथा विदेशी हवाई यात्रुहरुलाई निजहरुको गन्तव्य स्थलसम्म पु-याउने कार्यका लागी  कम्तीमा २०८ वटा हरियो नम्बर प्लेट (पर्यटन प्लेट) को सवारी साधनहरुबाट प्रि-पेड ट्याक्सी सेवा संचालन, व्यवस्थापन सम्बन्धी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले नेपाल सरकारको सम्वन्धित निकायवाट ईजाजत प्राप्त गरेका ईच्छुक फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) औं दिनको कार्यालय समय भित्र यस कार्यालयवाट विक्री भएको वोलपत्र फाराम भरी ३१ (एकतीस) औ दिनको १२:०० वजे भित्र पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरुः-**

१. यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) औं दिनको कार्यालय समय भित्र यस त्रि.अ.वि.ना.उ. कार्यालयको गौचर स्थित राष्ट्रिय वाणिज्य वैक गौचर शाखामा रहेको हि.न. ५८ मा रु.३,३९०।- (तीन हजार तीन सय नब्बे रुपैयाँ) (मू.अ.कर समेत) जम्मा गरी (पछी फिर्ता नहुने) सो को सक्कल भौचर यस कार्यालयको राजश्व शाखामा पेश गरी प्राप्त रसिद (Tax Invoice), नविकरण सहितको फर्म दर्ता प्रमाण पत्र, यातायात व्यवस्था विभागबाट यातायात सेवा संचालन गर्ने गरी प्राप्त गरेको अनुमती पत्रको प्रतिलिपी, मू.अ.क. दर्ता प्रमाण पत्र सहित निवेदन पेश गरी यस कार्यालयको कर्पोरेट महाशाखाबाट वोलपत्र फारम खरिद गर्न सकिनेछ ।

२. ठेक्का अवधि ७ (सात) बर्षको हुनेछ । उक्त अवधिको न्युनतम ठेक रकम रु.३,६०,१२,०००।- (तीन करोड साठ्ठी लाख बाह्र हजार रुपैयाँ) कायम गरिएको छ ।

३. वोलपत्रसाथ रजिस्टर्ड फर्म वा कम्पनीको फर्म दर्ता प्रमाण पत्र (नविकरण सहित), सम्वन्धीत निकायवाट व्यवसाय संचालन गर्न प्राप्त इजाजत पत्र, VAT/PAN दर्ता प्रमाण पत्र, करचुक्ता प्रमाण पत्रको प्रतिलिपि, आधिकारीक व्यक्तिको नागरिकताको प्रतिलिपी, यातायात व्यवस्था विभाग वा यातायात व्यवस्था कार्यालयहरुबाट पंजीकृत भएको प्रमाण पत्रको प्रतिलिपी, व्यवसाय संचालन गर्ने काम कारवाहीमा भाग लिन अयोग्य नभएको र आफूले यस सम्वन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्व-घोषणा पत्र, फर्म/कम्पनीको प्रबन्ध पत्र तथा नियमावली पेश गर्नुपर्ने छ ।

४. अन्तर्राष्ट्रिय तथा आन्तरिक विमानस्थलमा संचालित यातायात सेवाको गुणस्तर कायम राख्न दक्ष तथा अनुभवी फर्म/कम्पनीहरुबाट सेवा लिनुपर्ने भएको हुँदा सार्वजनिक यातायात व्यवसाय संचालन गरेको कम्तीमा १ वर्ष को अनुभव हुनुपर्नेछ ।

५. यस कार्यालयलाई तिर्न वुझाउनु पर्ने वाँकी वक्यौता भएका व्यक्ति हिस्सेदार भएको फर्म/कम्पनीले सो वक्यौता फछ्र्यौट नगरेको अवस्थामा त्यस्ता फर्म/कम्पनीको वोलपत्र स्वीकृत गरिने छैन ।

६. वोलपत्रसाथ आफूले कवोल गरेको ठेक रकमको ५% ले हुने रकम यस कार्यालयको रा.वा.वैंक गौचर शाखामा रहेको धरौटी हि.नं ७० मा जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा ‘क’ वर्गको मान्यता प्राप्त वैकवाट जारी भएको कम्तीमा ६ महिना अवधि भएको वैङ्क ग्यारेन्टी (Bid Bond) वोलपत्र साथ पेश गर्नु पर्नेछ ।

७. बोलपत्र फाराम यो सूचना प्रकाशित मितिले ३० (तीस) औं दिनको कार्यालय समय भित्र कर्पोरेट महाशाखावाट खरिद गरी ३१ (एकतीस) औं दिनको १२:०० वजे भित्र यस कार्यालयको कर्पोरेट महाशाखामा दाखिला गरिसक्नु पर्नेछ । दाखिला हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे सम्वन्धीत बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सो दिन वोलपत्रदाताको तर्फवाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनुपर्नेछ । वोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिती नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने तथा दर्ता गरिने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन सोही समयमा खरिद तथा दर्ता गरिनेछ ।

८. दाखिला गर्ने बोलपत्रको खाम शिलबन्दी गरी खाम वाहिर कुन विषयको बोलपत्र हो सो स्पष्ट लेखी श्री कर्पोरेट महाशाखा त्रि.अ.वि.ना.उ.कार्यालय, गौचरलाई सम्बोधन गरी यस कार्यालयको कर्पोरेट महाशाखामा दर्ता गराउनु पर्नेछ ।

९. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । केरमेट गरी, नबुझीने गरी भरिएको बोलपत्रलाई मान्यता दिईने छैन ।

१०. रीत नपुगी वा म्याद नाघि वा शर्त राखि आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

११. प्राप्त हुन आएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. वोलपत्रका अन्य शर्तहरु वोलपत्र फाराममा उल्लेख गरिए अनुसार हुनेछ।

१३. यसमा नपरेका अन्य कुराहरुको हकमा विमानस्थल सेवा शुल्क नियमावली, २०६७ (संसोधन सहित) तथा प्रचलित ऐन नियमानुसार हुनेछ।

१४. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको कर्पोरेट महाशाखामा कार्यालय समय भित्र बुझ्न सकिनेछ।